नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९३ २०७९ साल कात्तिक १९ गते शनिबार (5 Nov. 2022 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रमुख राजनीतिक दलको चुनावी.. ३ पृष्ठमा : निर्वाचन आयोगद्वारा प्रदेश प्रदेश ३ पृष्ठमा : गुजरात पुल दुर्घटना..

# सप्तरी क्षेत्र नं. २ मा तीन प्रभावशाली नेताबीच कडा प्रतिष्पर्धा







**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक।**

मुलुककै सर्वाधिक चर्चामा रहेको सप्तरी क्षेत्र नं. २ मा अहिले चुनावी माहोल निकै तातिएको छ। यो क्षेत्रमा दुई राष्ट्रिय अध्यक्षसहित सत्तारुढ गठबन्धनका एक प्रभावशाली नेताबीच कडा टक्कर हुने देखिएको छ।

प्रदेश र प्रतिनिधिसभा सदस्यको निर्वाचन मिति नजिकिँदै जाँदा तीनै नेताहरु मत आ-आफ्नो पक्षमा पार्न दिनरात मतदाताको घरदैलोमा चुनावी प्रचारप्रसार सामाग्रि लिएर पुग्ने गरेका छन्।

यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा सत्तागठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जयप्रकाश ठाकुर, जसपा-एमाले गठबन्धनबाट जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतसहित १८ जना उम्मेदबार चुनावी मैदानमा छन्। तर मुख्य प्रतिस्पर्धा मुख्य दलका यीनै तिनजना बीच हुने अनुमान गरिएको छ।

सप्तरीमा प्रतिनिधिसभा तर्फ चार र प्रदेशसभा तर्फ ८ निर्वाचन क्षेत्र छ। ९५ हजार ३ सय ४४ मतदाता रहेको यस क्षेत्रबाट २०७४ को निर्वाचनमा तत्कालिन राजपा हालको लोसपाका साथै नेपाली काँग्रेस समेतको साथ पाएर उपेन्द्र यादवले चुनाव जितेका थिए। तर, यस पटक उपेन्द्रले ती दुबै पार्टीको साथ गुमाएको छ। अर्कोतिर अर्का प्रभावशाली नेता जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतको उम्मेदवारीले पनि उनलाई चुनौती थपिएको छ।

यादव र राउत दुबै महादेवा गाउँपालिका वडा नं. २ का मतदाता हुन्। एउटै वडाका दुई प्रभावशाली नेताले एउटै निर्वाचन क्षेत्र रोजेपछि यहाँको चुनावी प्रतिस्पधा झन रोचक बनेको छ।

बिहान बेलुका चिया गफमा समेत ठाकुर, यादव र डा. राउत नै मुख्य विषय बनिरहेको छ। कतिपय मतदाताले जनमत पार्टीका अध्यक्ष डा. राउत र जसपा अध्यक्ष उपेन्द्र दुबै जना एउटै क्षेत्रबाट लड्न नहुने तर्क पनि राख्दै आएका छन्।

यहाँ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुर र जनमत पार्टीका अध्यक्ष समेत रहेका डा.राउतको पनि अहिले बलियो उपस्थिती देखिन्छ। स्थानीयतह निर्वाचनको मत परिणालाई आधार मान्दा सत्तारुढ गठबन्धनका उम्मेदवार ठाकुर उपेन्द्र र डा.राउत भन्दा निकै बलियो देखिन्छ।

स्थानीयतहको निर्वाचनमा जसपा र एमालेले पाएको मत जोड्दा १९ हजार ७५ पुग्छ। जबकी सत्तारुढ गठबन्धनको मत ३७ हजार ३ सय ७३ पुग्छ। जनमतले भने स्थानीयतहको निर्वाचनमा यस क्षेत्रबाट ३ हजार २ सय ७१ मत प्राप्त गरेको थियो। जनमतको सांगठनिक मत कमजोर देखिएपनि डा.राउतको व्यक्तीगत छवी र बढ्दो क्रेजले जीत निकाल्ने एक थरीको भनाइ छ भने अर्को थरीले सत्तारुढ गठबन्धन एक ढिक्का भएको दाबी गर्दै स्थानीयतहको निर्वाचनमा प्राप्त मतको आधारमा ठाकुरको जीत सुनिश्चित भएको दाबी गरिरहेका छन्।

स्थानीयतह निर्वाचनमा देखिएको नतिजा संसदीय चुनावनमा पनि दोहरीने हो की ? भन्ने दवावमा रहेका जसपा अध्यक्ष उपेन्द्र अहिले दौडधुप निकै बढाएका छन्। यस क्षेत्रमा राजविराज नगरपालिकाका साथै महादेवा, तिलाठी कोइलाडी र छिन्नमस्ता गाउँपालिका गरी ४ पालिका पर्दछ। जस मध्ये २ मा लोसपा र १/१ पालिकाको प्रमुखमा काँग्रेस र जसपाले जितेका छन्। ***बाँकी अन्तिम पृष्ठमा***

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
खाँडो नदी नियन्त्रण कार्यक्रम
राजविराज, सप्तरी

**खाँडो नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको मस्यौदा प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धीसार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/१९)**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, खाँडो नदी नियन्त्रण कार्यक्रम, राजविराजद्वारा मधेश प्रदेश, सप्तरी जिल्ला, शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिका, रुपनी गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, अग्निसाइर कृष्णासरवन गाउँपालिका र महादेवा गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा **"खाँडो नदी नियन्त्रण कार्य"** कार्यान्वयन गर्न वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम **प्रारम्भिक वातावरणीय परीक्षणको** मस्यौदा प्रतिवेदन तयार गरी नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार उक्त प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको हो।

**प्रस्तावको मुख्य विशेषता तथा प्रभाव पर्न सक्ने नगरपालिका तथा वडाहरु**

| प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला, नगरपालिका/गाउँपालिका तथा वडा |
|---|---|
| प्रस्तावित खाँडो नदी मधेश प्रदेश, नेपालको पूर्वी भागमा अवस्थित छ। खाँडो नदी नेपालको तल्लो उचाइको चुरे श्रृङ्खलाबाट उत्पत्ति हुन्छ।यो नदी २६°३९'०६" उत्तर र ८६°४२'१५" पूर्वमा पूर्व-पश्चिम राजमार्गको उत्तर तर्फ करिब ४ किलोमिटरबाट तराईमा प्रवेश गर्छ। खाँडो नदी नेपालको भूभाग हुँदै जिल्ला सुपौल(बिहार) को कुनौली नजिक भारतमा प्रवेश गर्छ। पूर्व-पश्चिम राजमार्गबाट कुनौली (भारतीय सीमा) सम्म यस नदीको कुल लम्बाइ २४ किलो मिटर रहेको छ।<br>आयोजना क्षेत्रमा मनसुनको बाढीले नदीको किनारमा कटान, बाढी तथा डुबानको समस्या रही आएको छ। यी समस्याहरुले खेतीजन्य जमिन, घरहरू र नदीको किनार नजिकै बसोबास गर्ने मानिसहरुको बहुमूल्य सम्पत्तिहरू लाई ठूलो क्षति पुऱ्याउदै आइरहेको छ। यी समस्याहरु नियन्त्रण गर्न आयोजनाले तटबन्ध, रिभेटमेन्ट र स्पर/स्टडको निर्माण गर्न लागेको छ।<br>**क) तटबन्ध (Embankment)**<br>नदी नियन्त्रणको लागि माटोको तटबन्धहरू प्रस्ताव गरिएको छ। दुबै किनारमा तटबन्धहरू खाँडो नदी हेडवर्क्स देखि नेपाल भारत सीमानासम्म विस्तार गरिनेछ। नदीको दुबै किनारमा ५६,८२० मिटर तटबन्ध प्रस्ताव गरिएको छ।<br>**ख) रिभेटमेन्ट तथा माटोको र्याम्प**<br>नदी किनारमा भू-क्षय रोक्न बोल्डर भरिएको गेबियन रिभेटमेन्ट प्रस्ताव गरिएको छ।०.३ मि. बाक्लो Boulder filled hexagonal/ square gabions रिभेटमेन्ट दायाँ किनारमा ७००० मिटर र बायाँ किनारमा ११,१०६ मिटर निर्माण हुनेछ।यसको साथै खोलामा आवतजावतको लागि २७ ओटा माटोको र्याम्प प्रस्ताव गरिएको छ।<br>**घ) स्पर र स्टडः** ४५ स्थानमा ग्यबियन स्टडहरु प्रस्ताव गरिएको छ।<br>**ङ) Drain Outlet Structure:** नदीको दुबै किनारमा गरेर २६ वटा सिंगल ब्यारेल र ८ वटा डबल ब्यारेल Anti Flood sluices हरु प्रस्ताव गरिएको छ। | सप्तरी जिल्ला<br>शम्भुनाथ नगरपालिका वडा नं१ र २; रुपनी गाउँपालिका वडा नं १, २,५ र ६; राजविराज नगरपालिका वडा नं १, १०, १२, १३ र १५; अग्निसाइर कृष्णासरवन गाउँपालिका वडा नं ३; महादेवा गाउँपालिका वडा नं १ र २; तिलाठी कोइलाडी गाउँपालिका वडा नं १,२ र ३ तथा छिन्नमस्ता गाउँपालिका वडा नं ४ |

**प्रस्तावकको नामः खाँडो नदी नियन्त्रण कार्यक्रम,** राजविराज, सप्तरी।

उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको मस्यौदा प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय जनता, संघ-संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको र प्रस्तावकको प्रतिनिधि बीच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई निम्न मिति समय र स्थानमा हुने भएकोले सम्बन्धित सबैको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने मितिसमय र स्थान**

**मितिः २०७९/०७/२६ गते शनिबार**
**समयः बिहान ८ बजे**
**स्थानः राजविराज नगरपालिकाको सभाहल**
**राजविराज, सप्तरी**

# निर्वाचन आयोगद्वारा प्रदेश प्रदेश सरकारलाई सवारी साधनको विवरण उपलब्ध गराउन माग

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

निर्वाचन आयोगले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सो प्रदेशको प्रदेश सभा सचिवालयलाई पत्र पठाई प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीसमेतले सवारी साधन नबुझाई निजी नम्बरप्लेट कायम गरी निर्वाचन प्रचारप्रसारमा हिंडेको हो होइन भन्ने विषयमा विवरण उपलब्ध गराउन पत्र पठाएको छ।

आयोगले मंसिर ४ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को खण्ड (क) मा सार्वजनिक निकाय वा कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने व्यवस्था रहेको स्मरण गराउँदै प्रदेशका मुख्यमन्त्री तथा मन्त्री समेतले सवारी साधन नबुझाइ निजी नम्बरप्लेट कायम गरी हिंडेको भनी उजुरी प्राप्त हुन आएको जनाएको छ ।

'सो सम्बन्धमा के कसो भएको हो ? प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री तथा सरकारी पदाधिकारीहरुलाई सरकारी सुविधा स्वरुप तहाँबाट उपलब्ध गराइएका सवारी साधनहरूको विवरण (सवारी साधनको किसिम, सवारी साधनको नम्बर र कस्तो नम्बर प्लेट प्रयोग गरिएको छ ) आयोगको पत्रमा भनिएको छ, 'उल्लेखित पदाधिकारीहरूलाई सरकारी सुविधास्वरुप तहाँबाट उपलब्ध गराइएका सवारी साधनहरु नियमानुसार फिर्ता गर्नुपर्नेमा सो सवारी साधनहरू फिर्ता गरी दाखिला भए नभएको यकिन विवरण समेत यो पत्र प्राप्त भएको दुई दिनभित्र पछिसम्म फरक नपर्ने गरी आयोगलाई उपलब्ध गराउनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।'

यसैगरी आयोगले सो सम्बन्धमा के कसो भएको हो ? भनी प्रदेश सभाका सभामुख, उपसभामुख र विभिन्न समितिका सभापतिलाई सरकारी सुविधास्वरुप तहाँबाट उपलब्ध गराइएका सवारी साधनहरुको विवरण दुई दिनभित्र पछिसम्म फरक नपर्ने गरी आयोगलाई उपलब्ध गराउन आग्रह गरेको छ ।

**सवारी साधन नियन्त्रणमा लिन निर्देशन**

यस्तै आयोगले धनुषाका प्रमुख जिल्ला अधिकारीलाई पत्र पठाइ प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, प्रदेश सभाका विभिन्न समितिका सभापति एवं सरकारी सवारी साधन प्रयोग गरेकाहरू मध्ये कसैले पदबाट हटेपश्चात समेत सरकारी सवारी साधन नबुझाइ लगेको वा सरकारी पदमा रहँदा आफूलाई प्राप्त सवारी साधनको नम्बर प्लेट परिवर्तन गरेको भेटिएमा साथै पदमा रहेका उल्लेखित मध्येका कुनै पनि सरकारी पदाधिकारीले सरकारी नम्बर प्लेट परिवर्तन गरी प्रयोग गरेको पाइएमा त्यस्तो सवारी साधन तत्काल नियन्त्रणमा लिई कानूनबमोजिम कारबाही गर्न निर्देशन दिएको छ ।

# कात्तिक २२ गते ग्रस्तोदित खग्रास चन्द्रग्रहण

काठमाडौं, १८ कात्तिक (रासस) ।

कात्तिक २२ गते मङ्गलबार कार्तिक शुक्ल पूर्णिमामा ग्रस्तोदित खग्रास चन्द्रग्रहण लाग्ने भएको छ । बेलुकी ०५ः११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चाङ्गम्' मा उल्लेख छ। बेलुकी ०५ः१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरुपमा देखिने छ।

बेलुकी ०५ः२७ बजे ग्रहणको उन्मीलन हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताउनुभयो। बेलुकी ०६ः३४ बजे ग्रहण सकिन्छ। एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिने छ। चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो।

कात्तिक २२ गते मङ्गलबार बिहान ०८ः११ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ। बेलुकी ०६ः३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उहाँले जानकारी दिनुभयो। ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ।

यसअघि कात्तिक ८ गते मङ्गलबार कार्तिक कृष्ण औँसीका दिन सूर्यग्रहण लागेको थियो। यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ।

# सन्दीप लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

काठमाडौं, १८ कात्तिक (रासस) ।

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहसपछि शुक्रबार पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो। उक्त मुद्दामा बुधबारबाट थुनछेक बहस प्रारम्भ भएको थियो ।

सरकारी वकिल कार्यालयले लामिछानेविरुद्ध १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा यही कात्तिक १४ मा मुद्दा दायर गरिएको थियो।

सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने माग गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसुरको दफा २१९ को उपदफा (३)को देहाय (घ) अन्तर्गतको कसुर गरेको अभियोग लगाइएको छ। संहिताको दफा २१९ को उपदफा (३) देहाय (घ) मा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० देखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका छन् भने पीडितले आफूमाथि बलात्कार भएको बयान दिएकी छिन्।

लामिछानेविरुद्ध नाबालिकमाथि जबर्जस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि उनलाई न्यायिक हिरासतमा राखिएको छ। प्रहरीले गत असोज २० मा उनलाई अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो।

# सुरक्षालाई चुस्त बनाउन मुख्यमन्त्रीको निर्देशन

धनुषा, १८ कात्तिक (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन केन्द्रित सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त बनाउन सुरक्षा अधिकारीलाई निर्देशन दिनुभएको छ।

शुक्रबार सङ्घीय गृह मन्त्रालय र मधेस सरकार गृह तथा सञ्चार मन्त्रालयको संयुक्त आयोजनामा जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उहाँले खुला सीमानाका साथै आन्तरिक तिक्तताले निर्वाचनमा हुनसक्ने खतरा औँल्याउँदै मुख्यमन्त्री राउतले सचेत रहन निर्देशनसमेत दिनुभयो।

निर्वाचन आयोगको आचारसंहिताले निर्वाचनलाई व्यवस्थित र मर्यादित बनाउन ठूलो

*बाँकी अन्तिम पृष्ठमा*


जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


# विश्व समाचार

## गुजरात पुल दुर्घटनाःखोज तथा उद्धार स्थगन

ओटावा, १८ कात्तिक (रासस/सिन्ह्वा)।

भारतको पश्चिमी राज्य गुजरातका अधिकारीहरूले मोर्बीको मच्छुनदीमा हराएकाहरूको खोजी स्थगन गरेका छन् । गत आइतबार राति मच्छुनदीको झोलुङ्गे पुल भाँचिदा एक सय ४१ जनाको मृत्युभएको थियो भने कैयौं हराएका थिए । उद्धारकर्ताले गएरातिदेखि खोज स्थगन गरेका हुन् ।

नदीबाट एक सय ७७ जनालाई उद्धार गरिएको र कोही पनि हराएको सूचना प्राप्त नभएकाले खोजी स्थगन गरिएको उनीहरूले बताएका छन् । स्थानीय प्रशासनले त्यसलाई पुष्टि गरेको छ । पुल भाँचिदा एक सय जना घाइते भएका थिए । बेलाइतको शासनकालमा शताव्दीअघि निर्मित उक्त पुल सात महिनाको मर्मतसम्भारपछि अघिल्लो साता सञ्चालन गरिएको थियो ।

पुलको भारवहन क्षमताभन्दा बढी मानिस त्यहाँ एकत्र भएपछि उक्त दुर्घटना भएको हो । पुलको क्षमताभन्दा पाँच सय जना बढी मानिस दुर्घटनाका बेला पुलमा रहेका विवरणहरू सार्वजनिक भएका छन् । स्वदेशी तथा विदेशी पर्यटकका निम्ति मोर्वी पुल आकर्षक गन्तव्य मानिन्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीलगायत केन्द्र र राज्य सरकारका उच्च अधिकारी मोर्बी पुगेर दुर्घटनाबारे जानकारी लिएका थिए । विश्वभरका नेताहरूले उक्त घटनामा मारिएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै भारतसरकारसमक्ष शोक व्यक्त गरेका थिए । गत मङ्गबार दुर्घटनामा मारिएकाको सम्झनामा भारत राजकीय शोकमा थियो ।

पुल मर्मतसम्भारको ठेक्का पाएको ओरेभा ग्रुप अजन्ता म्यानुफ्याक्चरिङ प्राइभेट लिमिटेडका दुई जना प्रबन्धक, ठेकेदारलगायत नौ जना कर्तव्य ज्यान अभियोगमा पक्राउ परेका थिए । यद्यपि उनीहरूमाथि नियतवश ज्यान मार्ने उद्योग गरेको अभियोग भने नलगाइएको बताइएको छ ।

## इबोला प्रकोपको नियन्त्रण गर्न देशहरुलाई आर्थिक अभाव

कम्पाला, १८ कात्तिक (रासस/सिन्ह्वा)।

इबोलाका विरुद्धमा सङ्घर्ष गर्नका लागि आर्थिक सहयोग आवश्यक रहेको युगाण्डाको सरकारले जनाएको छ । युगाण्डाको सरकारले हाल त्यहाँ फैलिएको इबोलाको प्रकोपको नियन्त्रण गर्न र यसकाविरुद्ध लड्न कम्तीमा पनि २० मिलियन अमेरिकी डलर आवश्यक रहेको जनाएको हो ।

युगाण्डका स्वास्थ्य मन्त्री मार्गरेट मुहांगाले बिहीबार यहाँको संसदमा बोल्दै यहाँ इबोलाको प्रकोपका विरुद्धमा लड्न सो रकम आवश्यक रहेको जानकारी दिनुभएको हो ।

उहाँले पछिल्लो समयमा इबोलाको प्रकोपले देशको स्वास्थ्य क्षेत्रलाई नै चुनौती दिन थालेको भन्दै यसका लागि सो रकम आवश्यक परेको र यसबाट इबोलाको औषधि उपचारका लागि अन्य स्वास्थ्य संरचनाहरु निर्माण गर्नुपर्ने अवस्था रहेको जानकारी संसदमा दिनुभएको हो ।

हालैमात्र विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस आधनाम ग्याब्रेसियसले पनि युगाण्डा र यसका छिमेकी देशहरुमा इबोलाको प्रकोप बढिरहेकाले यसको रोकथाम तथा नियन्त्रणका लागि रकम आवश्यक रहेको जानकारी ट्वीट गरेर दिनुभएको थियो ।

यसअघि युगाण्डको सरकारले पनि देशको ठूलो मात्राको बजेट इबोला नियन्त्रणको लागि खर्च भइसकेको तर अझै महामारी नरोकिएकाले ठूलो रकम आवश्यक रहेकाले सहयोगका लागि विश्व समुदायसँग आग्रह पनि गरेको थियो ।

## दक्षिण कोरियामा ४३ हजार भन्दा बढी कोरोनाका नयाँ संक्रमित

सोल, १८ कात्तिक (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा २४ घण्टा अर्थात बिहीबार मध्यरातसम्म ४३ हजार चार सय ४९ जना कोभिड-१९ का नयाँ सङ्क्रमित देखिएका छन् । यसैसँगै कुल सङ्क्रमितको सङ्ख्या २ करोड ५७ लाख ६० हजार सात सय एक पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् ।

दैनिक सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा कम भएका छन् । एक दिनअघि सङ्क्रमितको सङ्ख्या ४६ हजार आठ सय ९६ बाट कम भएर ४३ हजार चार सय ४९ जना भएका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी बताएको छ ।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा १४ ले बढेर ३०४ पुगेको छ । यस सङ्क्रमणको कारण थप ५३ जनाको मृत्युको पुष्टि भएपछि कोरोना शुरु हालसम्म २९ हजार तीन सय १५ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ ।

# सहमतिपछि साह दम्पत्तिले तोडे अनसन



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

अदालतको आदेश कार्यान्वयन तथा न्याय सम्पादन कार्य छिटो छरितो गर्न माग गर्दै दुई दिनदेखी आमरण अनसनमा बसेका साह दम्पत्तिले शुक्रबार अनसन तोडेका छन् ।

सप्तरी जिल्ला अदालतबाट अंश मुद्दामा भएको फैसला कार्यान्वयन हुन नपाउँदै विपक्षि सहोदर दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलाशमा रिट निवेदन दिई न्याय प्रक्रिया लम्ब्याउन खोजेको र आफूहरुलाई अनावश्यक दुःख दिएको भन्दै दुई दिनदेखी अदालतकै अगाडी आमरण अनसनमा बसेका राजविराज ४ निवासी दिनेश प्रसाद साह र उनका पत्नि गौरीले शुक्रबार अनसन तोडेका हुन् ।

उच्च अदालत जनकपुर राजविराज इजलाशका शाखा अधिकृत लक्ष्मिकान्त झाले उनीहरुलाई जुस खुवाएर अनसन तोडाएका हुन् । न्यायधिश र सम्बद्ध फाँटका कर्मचारीहरुको बैठकपछि आगामी बिहीबार उक्त मुद्दाको टुङ्गो लगाउने आश्वासन पाएपछि अनसन तोडिएको साह दम्पत्तिले बताएका छन् ।

सो अवसरमा शाखा अधिकृत झाले आवश्यक प्रक्रिया पुरा गरि साह दम्पत्तिको मुद्दा प्राथमिकताका साथ हेरिने र छिट्टै न्याय निरुपन गर्ने सहमति भएकाले आमरन अनसन जस्तो कठोर आन्दोलनको आवश्यकता नरहेको प्रक्रिया दिए ।

अंश मुद्दामा लामो समयदेखी न्याय नपाएको भन्दै साह दम्पत्ति उच्च अदालत जनकपुर राजविराज इजलास अगाडी अनसनमा बसेका थिए ।

सप्तरी जिल्ला अदालतबाट वादी दिनेश प्रसाद साह बिरुद्ध उनका दाजु उमेश प्रसाद साह भएको २०६३ सालको अंश मुद्दामा २०६४ साल मंसिर २५ गते दुबै दाजु भाईलाई ४/४ धुर जग्गा हुने गरि फैसला भएपनि सो फैसला अझै कार्यान्वयन हुन नसकेको साह दम्पत्तिको भनाई छ ।

जिल्ला अदालतले गरेको फैसला विरुद्ध उनका दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलासमा रिट निवेदन दिए पछी फैसला कार्यान्वयन प्रक्रिया लम्बीएको हो ।

यस अघि गत असोज ६ गते पहिलो पटक अनसनमा बसेका साह दम्पत्तिलाई उच्च अदालतका न्यायाधिशहरुले आउँदो असोज २७ गते हुने पेशीमा न्याय पाउने विश्वास दिलाएपछि सोही दिन साँझ अनसन तोडिएको थियो । तर आश्वासन अनुसार अदालतबाट न्यायनिरुपन प्रक्रिया अघि नबढेको भन्दै साह दम्पत्ति पुनः दोश्रो पल्ट अनसनमा बसेका थिए ।

# सहकारी ब्यवस्थापक क्लव गठन



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सहकारीका ब्यवस्थापकहरुको क्लव सहकारी ब्यवस्थापक क्लव सप्तरीको स्थापनाका लागि प्रारम्भिक छलफल सम्पन्न भएको छ ।

राष्ट्रिय सहकारी बैंक राजबिराज शाखाको समन्वयमा सप्तरी जिल्लाका सहकारीकर्मीहरु भेला भएर सहकारीका ब्यवस्थापकहरुलाई एक्यबद्ध बनाउने उद्देश्यले क्लव गठन गर्न लागिएको हो ।

प्रारम्भिक छलफलबाट क्लवलाई मुर्तरुप दिनको लागि तदर्थ संचालक समिति, बिधान मस्यौदा उपसमिति र सल्लाहकार समिती निमार्ण गरी शुक्रबारैका दिनबाट क्लब गठन प्रकृयालाई अगाडि बढाउने कार्यको थालनी गरिएको छ ।

आइडियल सहकारी संस्थाका व्यवस्थापक बिनोद कुमार साफिको अध्यक्षतामा सात सदस्यीय तदर्थ सञ्चालक समिती गठन गरिएको छ ।

समितिको उपाध्यक्षमा नबोदय सहकारी संस्था राजबिराजकी ब्यवस्थापक नैना कुमारी यादव, सचिवमा मनकामना बहुउद्देश्यीय सहकारी संस्थाबाट दिपककुमार खड्का साथै कोषाध्यक्षमा सहयोगि बचत तथा ऋण सहकारी संस्थाका ब्यवथापक बिनोद कुमार दास मनोनित भएका छन् ।

त्यसैगरि सदस्यहरुमा नेपाल सहकारीका शंकर प्रसाद साह, जनमुखी बहुउद्देश्यीय सहकारीका राजकुमार देव र जनज्योति कृषि सहकारीका मनोज कुमार यादव सर्वसम्मत मनोनित भएका छन् ।

शुक्रबारको भेलामा क्लब गठन तथा दर्ता प्रकृया र आगामी कार्य योजना बारेमा छलफल भएको छ । तदर्थ सञ्चालक समितीको अतिरीक्त तीन सदस्यीय बिधान मस्यौदा र ५ सदस्यीय सल्लाहकार उपसमिती समेत भेलाले गठन गरेको छ ।

कार्यक्रमको सहजिकरण राष्ट्रिय सहकारी बैंक राजबिराजका प्रमुख चन्द्रमणी भट्टराईले गरेका थिए । उक्त भेलाको संयोजकत्व फत्तेपुर बहुउद्देश्यीय सहकारी संस्थाका ब्यवस्थापक इश्वरी प्रसाद नेपालले गरेका थिए ।

## सप्तरी क्षेत्र नं. २ ...

संसदीय चुनावमा जीत दोहऱ्याउने दबावमा रहेका उपेन्द्र आफुले गरेको विकास निर्माण कार्यलाई प्रमुख चुनावी मुद्धा बनाएका छन् । आफ्नो कोही प्रतिस्पर्धी नै नभएको दावी गर्दै आएका उनी भन्छन, "५ वर्षमा विकास निर्माणका धेरै आधारहरु खडा गरेका छौ, त्यसैले जनताले फेरी पनि मलाइ नै चुन्ने छन ।"

उनले आफनो कार्यकालमा विभिन्न सडक संजालको निर्माण, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास, नर्सिङ कलेज, कृषि विश्वविद्यालय, गजेन्द्र नारायण सिंह अस्पतालमा सुधार लगायतको काम अघि बढेकाले मतदाताले फेरी पनि अवसर दिने दावी गरेका छन् ।

सत्तारुढ गठबन्धनका साँझा उम्मेदवार ठाकुरले स्थानिय तह निर्वाचनमा गठबन्धन भित्रका दलहरुले प्राप्त गरेको मत तथा अहिलेसम्म जनताकै काम गर्दै आएकाले चुनाव जित्नेमा पूर्ण आशावादी रहेको बताउँछन् । "जनताको नजिक भएको र उनीहरुको सेवा गरेको आधारमा पनि आफू बलियो स्थितिमा पुगेको बताउने गरेका उनी भन्छन्, गठबन्धन एक ढिक्का छ, जित सुनिश्चित छ ।"

उनले आफू जिते सीमावर्ती भारतको निर्मलीसम्म पुगेको रेल सेवालाई भारत सरकारसँग कुटनीतिक पहल गरि जिल्लासम्म जोड्ने महत्वकांक्षी योजनाका साथै कृषि, स्वास्थ्य, शिक्षा, सडक, खेलकुद, पत्रकारिता लगायत क्षेत्र समेतको विकासका स्थानिय मुद्दा पनि समेट्दै मतदाता सामू ३० बुँदे प्रतिबद्धता पत्र पनि सार्वजनिक गरेका छन् । उनी भन्छन्, "विगतका नेताले जितेपछि अनुहार हेराएनन्, काठमाडौं र बिराटनगरमा बसेर आफन्त र आसेपासेलाई मात्र हेरे ।"

घरदैलोका क्रममा उनले आफू जिते सबैलाई समान ब्यवहार गर्ने मतदाता समक्ष प्रतिबता जनाउने गरेका छन् ।

यता पहिलो पटक प्रत्यक्ष निर्वाचनमा होमिएका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउत, ठाकुर र यादव दुबै उम्मेदवारको मत काटेर चुनाव जीत्ने रणनीतिमा छन् । पुरानो नेताको आश्वासनबाट दिक्क भएका जनताले नै आफुलाइ उम्मेदवार बनाएको जिकिर गर्ने गरेका उनी जित्नेमा ढुक्क रहेको बतउँछन । बुढापाखाको आर्शिवाद र यूवाको जोश, जाँगर र उर्जा आफुसंग भएकाले चुनाव जित्नेमा ढुक्क छु, उनले भने । पुराना नेतालाई "डेटस्पायर" र जनताको विश्वास गुमाई सकेका नेताको संज्ञा दिने गरेका उनी भन्छन, "यस पल्टको निर्वाचनले त्यस्ता नेतालाई चकित बनाउनेछन ।"

किसानको समस्या, मँहगी र भ्रष्टाचार नियन्त्रण तथा दिर्घकालिन विकास र रोजगारीको प्रमुख मुद्दासहित निर्वाचनमा होमिएकाले जीत सहज हुने उनको भनाइ छ ।

अहिले सबै दलका उम्मेदवार, नेता र कार्यकर्ताको दलबल मतदाता संग भोट माग्दै गाउँ टोल पुगी रहेका छन् । सबै उम्मेदवारले विकास निर्माणलाई नै प्रमुख चुनावी मुदा बनाएका छन् । उनीहरुले मतदाता रिझाउन कुनै कसर बाँकी राखेका छैनन । तर, यसमा सफलता कसले हात पार्ला र कसले बाजी मार्ला भन्ने कुराको टुंगो मंसिर ४ पछी नै स्पस्ट हुने छ ।

## सुरक्षालाई चुस्त ...

भूमिका खेलेको उल्लेख गर्दै उहाँले आचारसंहिताको सूक्ष्म कार्यान्वयन, सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रणजस्ता कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिनुभयो ।

प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहको अध्यक्षतामा भएको उक्त गोष्ठीमा नेपाल सरकारका गृहसचिव विनोदप्रकाश सिंह, मधेस सरकारका प्रमुख सचिव कृष्णबहादुर राउत, नेपाली सेनाका रथी सरोजप्रताप राणा, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धानका मुख्य अनुसन्धान निर्देशक हुतराज थापालगायतको उपस्थिति थियो ।

गोष्ठीमा मधेस प्रदेशस्थित आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीले आ-आफ्नो जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी गराउनुभएको थियो ।


विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सीहरु विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमले २०७९ साल कार्तिक १८ गतेसम्ममा विज्ञापन बोर्डमा सूचीकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*